सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५

र

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३

बमोजिम सार्वजनिक गरिएको विवरण

आर्थिक वर्ष २०८३/८४ को श्रावण १ देखि असोज मसान्तसम्म

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्वतः प्रकाशन विवरण, आ.व. २०८३/८४ को असोज मसान्तसम्म

प्रकाशक : राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सम्पर्क नं. : ०१-४२१११९७, ०१-४२१११९५, ०१-४२१११९४

इमेल ठेगाना : ndrrma@gmail.com, admin@ndrrma.gov.np, info@bipad.gov.np

वेबसाइट : https://ndrrma.gov.np/

प्रकाशन मिति : २०८३, कार्तिक

छपाई प्रति :

सर्वाधिकार : प्रकाशकमा

शब्दसंक्षेप

IRA	:	Initial Rapid Assessment
NEOC	:	National Emergency Operation Center
EWS	:	Early Warning System
DEOC	:	District Emergency Operation Center
SIMEX	:	Simulation Exercise
MDSA	:	Monitoring for Disaster Strategic Action Plan
INSARAG	:	International Search & Rescue Advisory Group
CADRE	:	Community Action for Disaster Response
MFR	:	Medical First Responder
CSSR	:	Collapsed Structure Search and Rescue
HOPE	:	Hospital Preparedness for Emergencies
SWR	:	Swift Water Rescue
TFI	:	Training for Instructors
ICS	:	Incident Command System
GLOF	:	Glacier Lake Outbrust Flood
ADPC	:	Asian Disaster Preparedness Center
NDRRMA	:	National Disaster Risk Reduction & Management Authority
NPDRR	:	National Platform for Disaster Risk Reduction
PPDRR	:	Province Platform for Disaster Risk Reduction
GIS	:	Geographic Information System
GIDC	:	Government Integrated Data Center
LDCRP	:	Local Disaster & Climate Resiliance Plan
COP	:	Conference of Parties
GEDSI	:	Gender Equality, Disability & Social Inclusion
LDCRF	:	Local Disaster & Climate Resiliance Framework
DRR	:	Disaster Risk Reduction
DDA	:	Detailed Damage Assessment
PDNA	:	Preliminary Damage & Need Assessment
PEOC	:	Province Emergency Operation Center
DEOC	:	District Emergency Operation Center
LEOC	:	Local Emergency Operation Center
NHSRP	:	National Housing and Settlements Resillience Platform
DUDBC	:	Department of Urban Development & Building Construction

विषयसूची

परिच्छेद-एक १

परिचय.....१

१.१ पृष्ठभूमि.....१

१.२ नीतिगत तथा कानूनी व्यवस्था..... २

१.२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था २

१.२.२ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्बन्धी कानूनी व्यवस्था.... ३

१.२.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०..... ४

क) दीर्घकालीन सोच ४

ख) लक्ष्य ४

ग) उद्देश्य ४

घ) प्राथमिकताका क्षेत्रहरु..... ५

१.३ प्राधिकरणको स्थापना र गठन..... ६

१.४ प्राधिकरणको कार्यक्षेत्र ६

१.५ प्राधिकरण सम्बन्धी संस्थागत संरचना र कार्यात्मक व्यवस्थाहरू..... ६

१.५.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्..... ६

१.५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति ७

१.५.३ प्रशासनिक संगठन संरचना र दरबन्दी विवरण..... ७

१.६ नेपालमा विपद् जोखिमको अवस्था र प्रवृत्ति..... ७

१.६.१ मिति २०८३ श्रावण १ देखि असोज मसान्तसम्म घटेका विपद् सम्बन्धी प्रमुख घटनाहरू.८

१.६.२ आ.व. २०८३/८४ को श्रावण १ गतेदेखि असोज मसान्तसम्म नेपालमा घटेका प्रमुख विपद्जन्य घटनाहरू र क्षतिको एकीकृत विवरण.....१३

१.७ सूचना अधिकारको नाम र पद..... १४

परिच्छेद-दुई.....१५

सम्पादित भएका मुख्य मुख्य कार्यहरू.....१५

२.१ आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रमको असोज मसान्तसम्मको प्रगति.....१५

२.२ आ.व. २०८३/०८४ को बजेट वक्तव्यको प्राथमिकता कार्यान्वयनको असोज मसान्तसम्मको अवस्था.....१५

२.३ आर्थिक वर्ष २०८३/८४ को श्रावण १ गतेदेखि असोज मसान्तसम्मका प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धीहरू.....१७

२.४ आ.व.२०८३/८४ को कार्यसम्पादन करार सम्झौता बमोजिम सूचकको प्रगति..... २४

२.५ आ.व.२०८३/८४ श्रावण १ गतेदेखि असोज मसान्तसम्ममा विपद् व्यवस्थापन कोषको आय व्ययको अवस्था तथा विभिन्न जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण.... २८

२.६ प्राधिकरणले स्थापना गरेका विभिन्न डिजिटल प्रणालीहरू..... २८

२.७ बेरूजु सम्बन्धी विवरण २८

अनुसूचीहरू.....३०

अनुसूची १: प्राधिकरणको काम, कर्तव्य र अधिकार ३०

अनुसूची २: राष्ट्रिय परिषद्को गठन.....३२

अनुसूची ३: कार्यकारी समितिको गठन..... ३३

अनुसूची ४: संगठन संरचना र दरबन्दी विवरण..... ३४

अनुसूची ५: जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण..... ४२

अनुसूची ६: डिजिटल प्रणालीहरू..... ४६

अनुसूची ७: सम्पादित कार्यक्रमका केही तस्विरहरु ४८

परिच्छेद-एक

परिचय

१.१ पृष्ठभूमि

विपद् प्राकृतिक तथा गैरप्राकृतिक कारणबाट उत्पन्न हुने प्रकोपजन्य घटना हो, जसले मानव जीवन, भौतिक संरचना, वातावरण र समग्र आर्थिक-सामाजिक जीवनमा गम्भीर असर पार्दछ। यस्ता विपद्ले दैनिक जनजीवन छिन्नभिन्न बनाउनुका साथै ठूलो मात्रामा धनजनको क्षति गराउने गर्दछन्। नेपालको भौगोलिक, भौतिक तथा सामाजिक-आर्थिक संरचनाका कारण बहु-प्रकोपको दृष्टिकोणबाट अति संवेदनशील मुलुकका रूपमा रहेको छ। यहाँको जटिल भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका कारण विभिन्न प्रकारका प्राकृतिक विपद्हरू जस्तै भूकम्प, बाढी, पहिरो, भू-क्षय, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरीबतास, शीतलहर, तातो हावाको लहर तथा वन डढेलो बाट निरन्तर प्रभावित हुँदै आएको छ। साथै, सडक दुर्घटना, आगलागी, महामारी, औद्योगिक दुर्घटना, सर्पदंश, जनावर आक्रमण, वातावरणीय प्रदूषण जस्ता गैरप्राकृतिक विपद्हरू पनि नेपालका लागि उत्तिकै चुनौतीपूर्ण रहेका छन्।

जनसङ्ख्या वृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण तथा जोखिम असंवेदनशील विकास गतिविधिहरूका कारण नेपालमा विपद् जोखिम र संवेदनशीलता अझै बढ्दो क्रममा छ। विपद्जन्य घटनाका कारण नेपालको कुल गार्हस्थ्य उत्पादन वार्षिक रूपमा करिब २.५ प्रतिशतसम्म नोक्सान हुने गरेको छ। साथै, वार्षिक रूपमा सरदर प्रति लाख जनसङ्ख्यामा १.७ जनाको मृत्यु र प्रति हजार घरपरिवारमा १७.१ घरपरिवार विपद्बाट प्रभावित हुने गरेको तथ्याङ्कले यसको गम्भीरता प्रष्ट पार्दछ।

विपद् व्यवस्थापन सरकारको एकल प्रयासबाट मात्र सम्भव छैन। त्यसैले यसका लागि निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, सञ्चार माध्यम, प्राज्ञिक क्षेत्र तथा समुदाय स्वयंको सहभागिता, सहकार्य, समन्वय र सहकार्य आवश्यक पर्दछ। यसै सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न वि.सं २०७७ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना गरिएको हो। यस प्राधिकरणले तीनै तहका सरकार, विषयगत मन्त्रालयहरू, निजी क्षेत्र, नागरिक समाज तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य, समन्वय र साझेदारी गर्दै प्रभावकारी विपद् व्यवस्थापन प्रणाली सुदृढ गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

१.२ नीतिगत तथा कानूनी व्यवस्था

१.२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। राज्यका नीतिहरू अन्तर्गत प्राकृतिक स्रोत-साधनको संरक्षण, संवर्द्धन र उपयोग, जलउत्पन्न तथा अन्य प्राकृतिक प्रकोप नियन्त्रण, पूर्वसूचना, तयारी, उद्धार, राहत र पुनर्स्थापना मार्फत विपद् जोखिम न्यूनीकरण गर्ने व्यवस्था गरिएको छ। संविधानका अनुसूची- ७, ८ र ९ अनुसार विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझा तथा स्थानीय तहको एकल अधिकारको रूपमा व्यवस्था गरिएको छ।

१६ औँ आवधिक योजना (आ.व. २०८२/८३-२०८५/८६) ले विकासका सबै क्षेत्र र आयाममा विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने रणनीति लिएको छ। जैविक विविधता, जलवायु परिवर्तन, हरित अर्थतन्त्र र विपद् उत्थानशीलतालाई संरचनागत रूपान्तरणका प्रमुख क्षेत्रका रूपमा समेट्दै आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क घटाउने लक्ष्य राखिएको छ। यस योजनामा स्वचालित मौसम पूर्वानुमान प्रणाली प्रवर्द्धन, एकीकृत विपद् व्यवस्थापन, सुदृढ आपतकालीन प्रतिक्रिया प्रणाली, पूर्वाधारमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन समावेश, बीमाको विस्तार र दिगो विकास लक्ष्यको स्थानीयकरण जस्ता रणनीति तथा कार्यक्रमहरू समावेश छन्।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापनका लागि दीर्घकालीन सोच, संस्थागत संरचना र कार्यान्वयन संयन्त्रको व्यवस्था गरेको छ। यसअनुसार राष्ट्रिय परिषद्, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद् व्यवस्थापन समितिहरू र विभिन्न तहका विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ।

नेपालले ह्योगो कार्यढाँचा (२००५-२०१५) र सेन्डाई कार्यढाँचा (२०१५-२०३०) आत्मसात गर्दै विपद् जोखिम न्यूनीकरणमा आधारित दृष्टिकोण अवलम्बन गरेको छ। सेन्डाई कार्यढाँचाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) तयार गरिएको छ।

यसका अतिरिक्त भू तथा जलाधार संरक्षण ऐन, जलस्रोत ऐन, स्थानीय सरकार सञ्चालन ऐन लगायतका विभिन्न कानुन, नीति, रणनीति र कार्यविधिहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सुदृढ बनाएका छन्। विपद् जोखिम न्यूनीकरणका कार्यहरूले दिगो विकास लक्ष्यहरू २, ३, ६, ९, ११, १३ र १५ हासिल गर्न प्रत्यक्ष योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

१.२.२ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्बन्धी कानूनी व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-४ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था छ। उक्त ऐनमा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि मन्त्रालय अन्तर्गत एक प्राधिकरण रहने व्यवस्था उल्लेख गरिएको छ। प्राधिकरण विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिको सचिवालयको रूपमा समेत रहेको छ। प्राधिकरणमा प्रशासकीय प्रमुखको रूपमा नेपाल सरकारले नियुक्त गरेको एक जना कार्यकारी प्रमुख र आवश्यकता अनुसार कर्मचारी रहने व्यवस्था रहेको छ। ऐनको दफा ११ मा प्राधिकरणको २५ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ५ मा ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको ६ वटा अन्य काम, कर्तव्य र अधिकार तोकिएको छ। उक्त ऐनले विपद् व्यवस्थापन सम्बन्धी रणनीतिक योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने काम, कर्तव्य र अधिकार कार्यकारी समितिलाई तोकेको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाः २०१८-२०३० मा विभिन्न रणनीतिक क्रियाकलापमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण जिम्मेवार निकायको रूपमा उल्लेख गरिएको छ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) मा यो कार्यढाँचा कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको हुने उल्लेख छ। विपद् प्रतिकार्यको लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन प्रक्रियामा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता समन्वय कार्यढाँचामा, राष्ट्रिय विपद् प्रतिकार्यका लागि कार्यसञ्चालन विशेष व्यवस्थामा, विपद् प्रतिकार्यको राष्ट्रिय स्वरूपमा प्राधिकरणको महत्वपूर्ण भूमिका उल्लेख गरिएको छ। विपद् प्रतिकार्यका लागि पूर्वतयारी कार्ययोजना अन्तर्गतको विपद् प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा उल्लेखित गतिविधी कार्यान्वयन गर्न प्राधिकरणलाई जिम्मेवार निकायको रूपमा व्यवस्था गरिएको छ।

विपद्को क्षतिलाई न्यूनीकरण गर्न, विपद् पश्चात् व्यक्ति, समाज र राष्ट्रको उत्थानशीलता वृद्धि गर्न तथा अझ राम्रो र बलियो समाज "Build Back Better" निर्माणका लागि आवश्यक वित्तीय स्रोत साधनको व्यवस्थापन गर्न विपद् जोखिम न्यूनीकरणका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को व्यवस्था रहेको छ।

यसका अतिरिक्त राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि-२०७२, बर्ड फ्लु नियन्त्रण नियमावली-२०७८, सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन-२०७७, विपद् लेखाजोखा मार्गदर्शन-२०७२ एवं सोको प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment-IRA), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना-२०८२, मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०८३, तातो हावाको लहर लु (Heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना-२०८३, खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना-२०७१, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि-२०८२, विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड-२०८१, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि-२०७९, विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि-२०८१, विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८१, स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि-२०७८, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन-२०७७, खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड-२०८३, पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा-२०८३, विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन-२०६८ (प्रथम संशोधन, २०७६) लगायतका व्यवस्थाहरू समेत रहेका छन्।

१.२.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०

क) दीर्घकालीन सोच

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले निर्देशित गरे अनुसार प्राधिकारणको दीर्घकालीन सोच विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकूलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्ने रहेको छ।

ख) लक्ष्य

विपद् जोखिम न्यूनीकरण, प्रभावकारी प्रतिकार्य तथा पुनर्निर्माण प्रक्रियामार्फत नेपाललाई सुरक्षित, उत्थानशील र दिगो विकासतर्फ अग्रसर गराउने।

ग) उद्देश्य

१. वैज्ञानिक तथा प्रमाण आधारित बहु जोखिम पहिचान, जोखिम मूल्याङ्कन, स्तरिकरण र नक्साङ्कन प्रणाली विकास तथा अद्यावधिक गरी विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउनु।

२. "Build Back Better" सिद्धान्तअनुसार विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्निर्माण र पुनर्स्थापनालाई विकास प्रक्रियामा आन्तरिकीकरण गरी प्रभावकारी विपद् व्यवस्थापन प्रणाली कार्यान्वयन गर्नु।

३. दिगो विकास र विपद् उत्थानशीलताको सिद्धान्त अवलम्बन गर्दै जोखिम-संवेदनशील योजना, डिजाइन र निर्माणमार्फत भौतिक पूर्वाधारको उत्थानशीलता सुदृढ गर्नु।

४. संघ, प्रदेश र स्थानीय तह तथा सरोकारवाला निकायहरूबीच स्पष्ट भूमिका र उत्तरदायित्वमा आधारित समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गरी विपद् उत्थानशील शासकीय प्रणाली सुदृढ गर्नु।

५. विपद् व्यवस्थापनका लागि पर्याप्त, पूर्वानुमानयोग्य र दिगो वित्तीय स्रोत सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालन, जोखिम हस्तान्तरण तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्नु।

६. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन गर्दै जनचेतना अभिवृद्धि, स्थानीय क्षमता विकास र जोखिममा रहेका समुदायको सहनशीलता बढाउनु।

७. जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणबीचको समन्वय सुदृढ गर्नु।

८. नीति, संरचना, जनशक्ति, क्षमता, सूचना प्रणाली र प्रविधिमा सुदृढीकरण गर्दै प्राधिकरणलाई सक्षम, प्रभावकारी र प्रविधिमैत्री संस्थाका रूपमा विकास गर्नु।


घ) प्राथमिकताका क्षेत्रहरु

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले निर्देशित गरे अनुसार यस कार्ययोजनाका विभिन्न चारवटा प्राथमिकताका क्षेत्रहरु रहेका छन् र त्यसलाई हाँसिल गर्नका लागि विभिन्न क्षेत्रगत रणनीतिहरु पनि रहेका छन्।

- विपद् जोखिमबारे बुझाई,
- संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण,
- विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन,
- प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' का लागि विपद् पुर्वतयारीको सुदृढीकरण।

१.३ प्राधिकरणको स्थापना र गठन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना भएको हो।



१.४ प्राधिकरणको कार्यक्षेत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) बमोजिम जोखिमको जानकारी, सङ्घ, प्रदेश र स्थानीय तहमा शासकीय पद्धतिको सुदृढीकरण, जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन, पूर्व तयारी तथा प्रतिकार्य, पुनर्निर्माण तथा पुनर्स्थापना, अध्ययन, अनुसन्धान तथा तालिम, बहुप्रकोपीय पूर्व सूचना प्रणाली, विपद् जोखिम वित्तीय व्यवस्थापन नै यस प्राधिकरणको प्रमुख कार्यक्षेत्र रहेको छ। प्राधिकरणको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृत विवरण **अनुसूची** १ मा दिइएको छ।

१.५ प्राधिकरण सम्बन्धी संस्थागत संरचना र कार्यात्मक व्यवस्थाहरू

१.५.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्

विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को दफा (३) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा नेपाल सरकारका सबै मन्त्रीहरू, सबै प्रदेशका मुख्य मन्त्रीहरू, तीनवटै सुरक्षा निकायका प्रमुखहरू लगायतका पदाधिकारीहरू सम्मिलित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय

परिषद्को व्यवस्था रहेको छ। परिषद्को सदस्य सचिवको रूपमा प्राधिकरणका कार्यकारी प्रमुख रहने प्रावधान छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को गठन **अनुसूची २** मा उल्लेख गरिए बमोजिम हुनेछ।

१.५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

विपद् वसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को दफा (६) बमोजिम माननीय गृह मन्त्रीज्यूको संयोजकत्वमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, सहरी विकास मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्री, नेपाल सरकारका सबै मन्त्रालयका सचिवहरू, तीनवटै सुरक्षा निकायका प्रमुखहरू लगायतका पदाधिकारीहरू सम्मिलित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको गठन गरिएको छ। समितिको सदस्य सचिवको रूपमा प्राधिकरणका कार्यकारी प्रमुख रहने प्रावधान छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको गठन **अनुसूची ३** मा उल्लेख गरिए बमोजिम हुनेछ।

१.५.३ प्रशासनिक संगठन संरचना र दरबन्दी विवरण

नेपाल सरकार मन्त्रिपरिषद्को पछिल्लो निर्णयानुसार स्वीकृत भई ४० जनाको दरबन्दी कायम रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन संरचना अनुसार विशिष्ट श्रेणी सरहको सेवा सुविधा पाउने गरी नियुक्त कार्यकारी प्रमुखको नेतृत्वमा प्रशासन सेवा र इन्जिनियरिङ्ग सेवाका एक/एक जना सहसचिव (राजपत्रांकित प्रथम श्रेणी) को महाशाखा प्रमुख रहने व्यवस्था छ। राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) र चारवटा शाखाहरू रहने प्रावधान रहेको छ। प्राधिकरणमा आवश्यकता अनुसार विभिन्न सेवा र समूहका कर्मचारीहरू माग गरी काम काजमा खटाउन सक्ने समेत प्रावधान रहेको छ।

प्राधिकरणको संगठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण **अनुसूची ४** मा उल्लेख गरिएको छ।

१.६ नेपालमा विपद् जोखिमको अवस्था र प्रवृत्ति

नेपाल भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, वन डढेलो, शीतलहर, हावाहुरी, डुबान, खडेरी, सडक दुर्घटना, हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोट, अतिवृष्टि, अनावृष्टि, तातो हावाको लहर तथा सर्पदंशजस्ता विविध प्राकृतिक तथा मानवीय उत्पत्तिका विपद् संग निरन्तर जुझ्दै आएको छ। यस्ता

विपद्हरूले प्रत्येक वर्ष जनधनको ठूलो क्षति पुऱ्याउनुका साथै सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा समेत नकारात्मक प्रभाव पार्दै आएका छन्।

यसका साथै पशु तथा चराचुरुङ्गीमा देखिने फ्लु, विभिन्न महामारी, हवाई तथा औद्योगिक दुर्घटना, किट तथा सूक्ष्म जीवाणुजन्य आतङ्क, वातावरणीय प्रदूषणजस्ता प्रकोपहरूले पनि समय-समयमा जनस्वास्थ्य र जनजीवनलाई गम्भीर असर पुऱ्याउँदै आएका छन्। यस्ता विपद्हरूको प्रकृति बहुआयामिक र जटिल बन्दै गएको देखिन्छ। जलवायु परिवर्तन, वातावरणीय विनाश, अव्यवस्थित शहरीकरण तथा जोखिम संवेदनशील भू-भागमा गरिएको बसोबासले नेपालमा विपद् जोखिमलाई थप बढाएको छ। विगत केही वर्षयता विपद् घटनामा उल्लेखनीय वृद्धि भएको तथ्याङ्कहरूले देखाएका छन्। विज्ञहरूका अनुसार २०७२ सालको विनाशकारी भूकम्पपछि मनसुनको समयमा बाढी र पहिरोको आवृत्ति तथा तीव्रता बढ्दै गएको छ।

त्यसैगरी जलवायु परिवर्तनका गम्भीर प्रभावहरू स्पष्ट रूपमा देखिन थालेका छन्। हिमाली क्षेत्रमा समेत असामान्य भारी वर्षा, लेदोसहितको बाढी, बेमौसमी वर्षा, हिमपहिरो तथा हिमताल विस्फोटजस्ता घटनाहरू बढ्नुको प्रमुख कारण जलवायु परिवर्तन मानिएको छ। यस्ता विपद्का घटनामा प्राकृतिक कारणसँगै मानवीय गतिविधिहरू पनि समान रूपमा जिम्मेवार रहेका छन्।

यसरी नेपालमा विपद् जोखिमको अवस्था जटिल र चुनौतीपूर्ण बन्दै गएको छ, जसले दीर्घकालीन योजना, जोखिम न्यूनीकरण, पूर्वतयारी, तथा प्रभावकारी विपद् व्यवस्थापन प्रणालीको आवश्यकता झनै स्पष्ट बनाएको छ।

१.६.१ मिति २०८३ श्रावण १ देखि असोज मसान्तसम्म घटेका विपद् सम्बन्धी प्रमुख घटनाहरू

१) **रसुवा-भोटेकोशी बाढीः** मिति २०८३ भदौ १० गते विहान चीनको सिमाना हुँदै भोटेकोशी (स्थानीय भाषामा ल्हेन्दे खोला) मा आएको भीषण बाढीमा परी हालसम्म प्राप्त विवरण अनुसार १ हजार ४ सय ६४ जनाको मृत्यु भयो भने ५ हजार २ सय ८५ जनाभन्दा बढी व्यक्तिहरु बेपत्ता छन्। उक्त बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँसहित जिल्लाका गरी करिब १५ वटा स्थानीय तह प्रत्यक्ष प्रभावित भए। बाढीले सबैभन्दा बढी पूर्वाधार क्षेत्रमा क्षति गर्यो। १३ वटा जलविद्युत आयोजना, ३७ वटा मोटरेबल पुल, ६८ वटा झोलुङ्गे पुल, ६९ किलोमिटर सडक लगायतका गरी कुल रु. ४०८ अर्बभन्दा बढीको क्षति भयो। सरकारले बाढीबाट बढी प्रभावित रसुवाको उत्तरगया, गोसाइकुण्ड, कालिका र आमाछोदिङमो गाउँपालिका, नुवाकोटको विदुर र बेलकोटगढी नगरपालिका, किस्पाङ र तारकेश्वर गाउँपालिका, धादिङको गल्छी, सिद्धलेक, गजुरी र बेनीघाट रोराङ गाउपालिका,

गोरखाको गण्डकी गाउँपालिका र तनहुँको देवघाट र आँबुखैरेनी गाउँपालिकालाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्यो। यद्यपि प्रारम्भिक अध्ययन अनुसार यो बाढी मनसुनी वर्षाका कारण नभई लाङटाङ लिरुङ हिमालको उत्तरी भेगबाट हिमचट्टान खसी ल्हेन्दे खोलामा बज्रिदा ल्हेन्दे खोलामा बाढी आएको थियो।

२) **गोरखा-बुढीगण्डकी बाढीः** मिति २०८३ असोज २५ गते विहान गोरखाको चुमनुब्री गाउँपालिकास्थित उङदिलुङ खोलामा हिउँपहिरो गई उङदिलुङ र स्यारखोलाको दोभानमा पानी जम्मा भई थुनिने र खुल्ने हुँदै गर्दा अकस्मात ठूलो मात्रामा जम्मा भएको पानी एक्कासी निकास हुँदा बुढीगण्डकी खोलामा बाढी आई गोरखाको चुमनुब्री, धार्चे, आरुघाट र धादिङको सल्लेरी, सिर्दिबास, घट्टेखोला, पैयुम, यारुबगर, माछीखोला, तातोपानी, सोती, शान्तिबजार, विशालनगर लगायतका गरी १२१ वटा घर र एउटा विद्यालय पूर्ण रुपमा क्षति भयो। चौंरी गोठालो गएका ६ जना मानिस बेपत्ता छन्। ३ वटा जलविद्युत आयोजना र झोलुङ्गे, बेलिब्रिज र पक्की गरी १० वटा पुलमा क्षति पुग्यो। यद्यपी स्थानीयले समयमै बाढीबारे थाहा पाएका र सोही अनुसार पूर्वसूचना तथा चेतावनी संप्रेषण भएकोले धेरै मानवीय क्षति हुन पाएन। नेपाल सरकारले गोरखाका चुमनुब्री गाउँपालिका, धार्चे गाउँपालिका र आरुघाट गाउँपालिका तथा धादिङको त्रिपुरासुन्दरी गाउँपालिकाको वडा नं. १ र २ लाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ।

३) **असोज ८ देखि ११ गतेसम्मको भारी वर्षापछिको बाढी पहिरोः** मिति २०८३ असोज ८ गतेदेखि ११ गतेसम्मको भारी वर्षापछि आएको बाढी पहिरोमा परी देशभरबाट गरी ३० जनाको मृत्यु भएको छ। ३ जना बेपत्ता छन् भने १५ जना घाइते भए। कुल १९२३ परिवार प्रत्यक्ष प्रभावित भएका छन्। कुल २३४ घर पूर्ण रूपमा र १५० घरहरूमा आंशिक क्षति पुगेको छ। कुल १० वटा पुलमा क्षति पुगेको छ। सरकारले रसुवा-भोटेकोशी बाढीका बेला छुटेकासहित यस अवधिका बाढी पहिरोबाट बढी प्रभावित गोरखाको सहिद लखन गाउँपालिका वडा नं. ३ र ४, मनाङको चामे, नासो गाउँपालिका र मनाङ डिस्याङ गाउँपालिकाको वडा नं. १ र ४, म्याग्दीको बेनी नगरपालिका, अन्नपूर्ण, रघुगंगा, मंगला, धौलागिरी, मालिका गाउँपालिका, बाग्लुङको बडिगाड, ताराखोला, निसीखोला गाउँपालिका वडा नं. ४ र ६, तामानखोला गाउँपालिका वडा नं. ३ र ४, गलकोट नगरपालिका र ढोरपाटन नगरपालिका, पर्वतको जलजला गाउँपालिका, फलेवास नगरपालिका वडा नं. २, ३, ७, ८, १० र ११, विहादी गाउँपालिका वडा नं. ६, महाशिला गाउँपालिका वडा नं.

५ र ६, मोदी गाउँपालिका वडा नं. २ र ३, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुस्ता गाउँपालिका वडा नं. ५ लाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्यो।

४) **साउन २७ गतेको रोल्पा थवाङ पहिरोः** मिति २०८३ साउन २७ गते रोल्पा जिल्लाको थवाङ गाउँपालिका-५ मा पहिरो जाँदा १७ जनाको मृत्यु भयो भने २ जना घाइते भए। ११ वटा घर पूर्ण रुपमा क्षति भयो भने २०० घर जोखिममा छन्।

५) **साउन ३० गतेको जाजरकोट बाढी पहिरोः** मिति २०८३ साउन ३० गते जाजरकोटमा परेको भारी वर्षापछिको बाढी पहिरोमा परी विभिन्न स्थानमा गरी ४ जनाको मृत्यु भयो भने ११ जना घाइते भए। १३ वटा घर पूर्ण रुपमा क्षति, १२ आंशिक क्षति र १६३ घर जोखिममा छन्।

मिति २०८३ साउन १ गतेदेखि असोज ३१ गतेसम्मका विपद्का प्रमुख घटना र क्षतिको प्रदेशगत विवरणः

तालिका १: सर्पदंशका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक		
कोशी	१३८	१२	१२६	१३८	०	०	०	०
मधेश	२८६	३२	२५९	२८९	०	०	०	०
बागमती	३५	१	३४	३५	०	०	०	०
गण्डकी	७६	०	७६	७६	०	०	०	०
लुम्बिनी	२४७	११	२३८	२४८	०	०	०	०
कर्णाली	८६	५	८२	८६	०	०	०	०
सुदूरपश्चिम	२१२	८	२०७	२१५	०	०	०	०

तालिका २: पहिरोका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	बेपत्ता	घाइते	प्रभावित परिवार	घर क्षति		प्रभावित पुल	गोठ क्षति	अनुमानित क्षति
						पूर्ण	आंशिक			
कोशी	१८४	०	०	४	११४	६	१०	०	४	८१८७०००
मधेश	४	१	०	०	१	०	०	०	०	०
बागमती	२७२	२	०	५	१२२	९	१२	०	१९	४३४५०००
गण्डकी	३१०	२६	२	१६	१४८	२७	१४	३	१७	०
लुम्बिनी	२१८	२५	१	६	१४६	१८	११	०	११	५०००००
कर्णाली	१५४	९	०	१९	३०७	१५	९	१	३	८०००००
सुदूरपश्चिम	११५	१	०	९	२००	८	८	३	५	८३००००

तालिका ३: बाढीका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	बेपत्ता	घाइते	प्रभावित परिवार	घर क्षति		प्रभावित पुल	गोठ क्षति	अनुमानित क्षति
						पूर्ण	आंशिक			
कोशी	३३	३	०	०	१३	०	०	०	१	५०००००
मधेश	२३	१	०	०	३४	४	०	०	०	७८८०००
बागमती	५९	१२	१	७	१२०	६९	२	६	१	१५०००००
गण्डकी	९७	४	६	३	६१३	३१५	७४	१८	५	०
लुम्बिनी	३४	४	०	०	३१	८	१	२	२	३८००००
कर्णाली	३१	५	३	०	८९	२	०	२	२	१५००००
सुदूरपश्चिम	१८	१	०	१	३३	०	०	०	१	३५००००

तालिका ४: हिउँपहिरोका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	बेपत्ता	घाइते	प्रभावित परिवार	घर क्षति		गोठ क्षति	अनुमानित क्षति
						पूर्ण	आंशिक		
कोशी	०	०	०	०	०	०	०	०	०
मधेश	०	०	०	०	०	०	०	०	०
बागमती	०	०	०	०	०	०	०	०	०
गण्डकी	४	१८	०	०	४३	२	०	२	०
लुम्बिनी	०	०	०	०	०	०	०	०	०
कर्णाली	०	०	०	०	०	०	०	०	०
सुदूरपश्चिम	०	०	०	०	०	०	०	०	०

तालिका ५: चट्याङका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक		
कोशी	३८	२	२२	४३	०	१	०	१०८१०००
मधेश	७	३	३	८	०	२	१	४५९२००
बागमती	६	०	३	४	०	०	०	०
गण्डकी	६	१	४	७	०	०	०	०
लुम्बिनी	१७	२	१३	१९	०	०	०	२५०००
कर्णाली	१९	०	१४	२९	०	१	१	८००००
सुदूरपश्चिम	१२	३	१५	२१	०	०	०	०

तालिका ६: आगलागीका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		प्रभावित पुल	गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक			
कोशी	१५९	३	२५	१७५	४१	२७	०	२८	६२३८७८१०
मधेश	१४३	४	२३	१५८	३०	१९	१	२७	४१५२०९००
बागमती	१०६	२	२३	१२२	८	१३	०	५	३६५९५९००
गण्डकी	४०	०	५	३५	१	२	०	७	१५४५०००
लुम्बिनी	६०	१	११	५५	४	६	०	२१	३७९७०००
कर्णाली	१९	०	५	१८	४	२	०	१	१२७९००
सुदूरपश्चिम	५२	०	६	४६	३	६	०	११	६१११०००

तालिका ७: जनावर आक्रमणका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक		
कोशी	६३	०	३०	९२	३	१०	१	२०३७३००
मधेश	३८	१	३१	७७	०	०	०	६९८०००
बागमती	१६	१	१९	१९	०	०	०	०
गण्डकी	२०	०	८	१९	०	०	०	१५०००००
लुम्बिनी	१५	१	१८	२४	०	०	०	०
कर्णाली	१४	०	८	१८	०	०	०	३५०००
सुदूरपश्चिम	४३	१	१९	६३	३	१	१	४०७०००

तालिका ८: लेक लाग्ने घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक		
कोशी	४	१	३	४	०	०	०	०
मधेश	०	०	०	०	०	०	०	०
बागमती	२	१	१	२	०	०	०	०
गण्डकी	४	२	२	४	०	०	०	०
लुम्बिनी	०	०	०	०	०	०	०	०
कर्णाली	४	०	५	५	०	०	०	०
सुदूरपश्चिम	३	०	३	३	०	०	०	०

तालिका ९: भारी वर्षाका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		प्रभावित पुल	गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक			
कोशी	४१	०	०	४७	८	५	०	२	१९६२०००

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		प्रभावित पुल	गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक			
मधेश	४२	०	५	३८	१२	१०	०	५	४८८३०००
बागमती	४९	०	१	८५	२	७	०	३	१४५५०००
गण्डकी	७६	२	५	१२०	६	२२	८	८	०
लुम्बिनी	७२	०	२	१८४	१७	२६	०	१४	१६२०८००
कर्णाली	५२	१	३	६५	१४	१४	०	४	७०९०००
सुदूरपश्चिम	९१	०	१	११४	१८	२०	१	९	१११००००

तालिका १०: हावाहुरीका घटना र क्षतिको प्रदेशगत विवरण

प्रदेश	घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	घर क्षति		गोठ क्षति	अनुमानित क्षति
					पूर्ण	आंशिक		
कोशी	५	१	०	३	०	०	०	३०००००
मधेश	१०	१	१	४०	८	२५	४	८१००००
बागमती	१	०	०	०	०	०	०	०
गण्डकी	०	०	०	०	०	०	०	०
लुम्बिनी	२०	१	१	७४	८	४६	१	२९७००००
कर्णाली	७	०	०	३	०	३	०	२५००००
सुदूरपश्चिम	१७	०	१	१९	०	७	२	०

१.६.२ आ.व. २०८३/८४ को श्रावण १ गतेदेखि असोज मसान्तसम्म नेपालमा घटेका प्रमुख विपद्जन्य घटनाहरू र क्षतिको एकीकृत विवरण

घटना	घटना संख्या	मृत्यु	बेपत्ता	घाइते	प्रभावित परिवार	घर क्षति		प्रभावित पुल	गोठ क्षति	अनुमानित क्षति
						पूर्ण	आंशिक			
सर्पदंश	१०८०	६९	०	१०२२	१०८७	०	०	०	०	०
पहिरो	१२५७	६४	३	५९	१०३८	८३	६४	७	५९	१४६६२०००
बाढी	२९५	३०	१०	११	९३३	३९८	७७	२८	१२	३६६८०००
हिउँपहिरो	४	१८	०	०	४३	२	०	०	२	०
चट्याङ	१०५	११	०	७४	१३१	०	४	०	२	१६४५२००
आगलागी	५७९	१०	०	९८	६०९	९१	७५	१	१००	१५२०८५५१०
जनावर आक्रमण	२०९	४	०	१३३	३१२	६	११	०	२	३३२७३००
लेक लाग्नु	१७	४	०	१४	१८	०	०	०	०	०

घटना	घटना संख्या	मृत्यु	बेपत्ता	घाइते	प्रभावित परिवार	घर क्षति		प्रभावित पुल	गोठ क्षति	अनुमानित क्षति
						पूर्ण	आंशिक			
भारी वर्षा	४२३	३	०	१७	६५३	७७	१०४	९	४५	११७३९८००
हावाहुरी	६०	३	०	३	१३९	१६	८१	०	७	४३३००००
जम्मा	४०२९	२१६	१३	१४३१	४९६३	६७३	४१६	४५	२२९	१९१४५७८१०

यो तथ्याङ्कमा रसुवा-भोटेकोशी बाढीबाट भएको क्षतिको विवरण समावेश गरिएको छैन। उक्त विवरण माथि छुट्टै खण्डमा राखिएको छ।

१.७ सूचना अधिकारको नाम र पद

क्र.सं.	फोटो	नाम र पद	सम्पर्क नम्बर	कैफियत
१.		रामबहादुर के.सी. उपसचिव /प्रवक्ता /सूचना अधिकारी	९८५१३२०२६९	

परिच्छेद-दुई
सम्पादित भएका मुख्य मुख्य कार्यहरू

२.१ आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रमको असोज मसान्तसम्मको प्रगति

कार्यालय कोड नं. : ३१४००३५०२					
आ.व. २०८३/८४ को असोज मसान्तसम्मको बजेट खर्चको विवरण					
क्र.सं.	बजेट उ.शि.नं.	अन्तिम बजेट	असोज महिनासम्मको खर्च	बाँकी बजेट	खर्च प्रतिशत
१	नेपाल सरकार	२६१,४८९,२७४।००	२६,१७६,०५६।२५	२३५,३१३,२१७.७५	१०.०१

२.२ आ.व. २०८३/०८४ को बजेट वक्तव्यको प्राथमिकता कार्यान्वयनको असोज मसान्तसम्मको अवस्था

बजेट वक्तव्यको बुँदा नं.	बजेट वक्तव्य	प्रगति
५१ (क)	डढेलो नियन्त्रणका लागि ड्रोन तथा स्याटेलाइटको उपयोग गरी रियल टाइम सूचना आदानप्रदान गरिनेछ। जोखिमयुक्त क्षेत्रमा मानव वन्यजन्तु सहअस्तित्व कार्यक्रम सञ्चालन गरिनेछ।	यस प्राधिकरणको आ.व २०८३/८४ को वार्षिक कार्यक्रम अन्तर्गत वन डढेलो व्यवस्थापन तालिम समावेश गरिएको कार्यक्रमको अवधारणापत्र, खाका र अनुमानित लागत तयार भई स्वीकृत भएको। रसुवा भोटेकोशी बाढी, असोज ८-११ को भारी वर्षा र बुढीगण्डकी बाढीपश्चात्को प्रतिकार्यमा केन्द्रित भएकाले फिल्डस्तरमा गई कार्यक्रम सञ्चालन गर्न नसकिएको। तत्कालै कार्यक्रम सञ्चालन गर्ने योजना रहेको।
४१ (ग)	जेनजी आन्दोलनका क्रममा क्षति भएका सरकारी भवनको प्रवलीकरण तथा पुनर्निर्माण कार्यलाई प्राथमिकता दिनेछौं। जाजरकोट तथा रुकुम	१५२७ घरधुरीलाई अनुदान रकम वितरण गरिएको।

	(पश्चिम) लगायतका जिल्लामा भूकम्पबटा क्षतिग्रस्त निजी आवास तथा सरकारी भवन पुनर्निर्माण कार्य सम्पन्न गर्न आवश्यक स्रोत विनियोजना गरेको छ।	
६२ (ञ)	विपद् प्रतिकार्य संलग्न जनशक्ति र स्वयंसेवकको क्षमता विकास गरिनेछ। विपद् पश्चातको क्षतिपूर्ति राहत र पुनर्निर्माणका लागि बीमा लगायतका जोखिम हस्तातन्तरणका उपकरणको विस्तार गरिनेछ।	यस प्राधिकरणको आ.व २०८३/८४ को वार्षिक कार्यक्रम अन्तर्गत विपद् जोखिम वित्तीय व्यवस्थापन सम्बन्धी सबै प्रदेशमा अभिमुखीकरण कार्यक्रम समावेश गरिएको कार्यक्रमको अवधारणापत्र, खाका र अनुमानित लागत तयार भई स्वीकृत भएको। भोटेकोशी, असोज ८-११ को भारी वर्षा र बुढीगण्डकी बाढीपश्चात्को प्रतिकार्यमा केन्द्रित भएकाले फिल्डस्तरमा गई कार्यक्रम सञ्चालन गर्न नसकिएको। तत्कालै कार्यक्रम सञ्चालन गर्ने योजना रहेको। हालसम्म ९६ जनालाई विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम पाठ्यक्रम, २०८१ अनुरुप तालिम प्रदान गरिएको। २४ जना सुरक्षाकर्मीलाई CADRE तालिम दिइएको।

आ.व. २०८३/८४ को माईलस्टोन असोज मसान्तसम्मको प्रगति

सि.नं.	माईलस्टोन	प्रगति
१	वन डढेलो व्यवस्थापन तालिम	कार्यक्रमको अवधारणापत्र, खाका र अनुमानित लागत तयार भई स्वीकृत भएको। भोटेकोशी, असोज ८-११ को भारी वर्षा र बुढीगण्डकी बाढीपश्चातको प्रतिकार्यमा केन्द्रित भएकाले फिल्डस्तरमा गई कार्यक्रम सञ्चालन गर्न नसकिएको। तत्कालै कार्यक्रम सञ्चालन गर्ने योजना रहेको।

२	देशका विभिन्न स्थानहरूमा बस्ति स्थानान्तरण सम्बन्धमा आपत्कालीन भौगर्भिक अध्ययनका लागि खरिद सम्बन्धी सूचना प्रकाशन गर्ने।	स्थानीय तहहरुसँग पत्राचार गरी माग संकलन गरिएकोमा हालसम्म १७७ स्थानबाट माग प्राप्त भएको। प्राप्त मागको आधारमा परामर्श सेवामार्फत अध्ययनको कार्य हुने। परामर्श सेवा खरिदका लागि परामर्शदाताको कार्यक्षेत्रगत शर्त (TOR) को मस्यौदा तयार भएको।
३	Assessment of Vulnerable Infrastructure Damage by Landslides or Other Geo-hazards सम्बन्धी अध्ययनका लागि सूचना प्रकाशन	स्थानीय तहहरुसँग पत्राचार गरी अध्ययन गर्नुपर्ने पूर्वाधारको माग संकलन गरिएकोमा हालसम्म १० स्थानबाट माग प्राप्त भएको। प्राप्त मागको आधारमा परामर्श सेवामार्फत अध्ययनको कार्य हुने। परामर्श सेवा खरिदका लागि परामर्शदाताको कार्यक्षेत्रगत शर्त (TOR) को मस्यौदा तयार भएको।
४	विपद् जोखिम वित्तीय व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम	कार्यक्रमको अवधारणापत्र, खाका र अनुमानित लागत तयार भई स्वीकृत भएको। भोटेकोशी, असोज ८-११ को भारी वर्षा र बुढीगण्डकी बाढीपश्चातको प्रतिकार्यमा केन्द्रित भएकाले फिल्डस्तरमा गई कार्यक्रम सञ्चालन गर्न नसकिएको। तत्कालै कार्यक्रम सञ्चालन गर्ने योजना रहेको।
५	बहुप्रकोप पूर्वसूचना तथा पूर्वकार्य सम्बन्धी चेतनामूलक कार्यक्रम	कोशी र गण्डकी प्रदेश गरी २ स्थानमा बहुप्रकोप पूर्वसूचना तथा पूर्वकार्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।

२.३ आर्थिक वर्ष २०८३/८४ को श्रावण १ गतेदेखि असोज मसान्तसम्मका प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धीहरू

योजना, अनुगमन तथा मूल्यांकन शाखा

सि.नं.	क्रियाकलाप	कार्यान्वयन अवस्था
१	रसुवा-भोटेकोशी बाढी, असोज ८-११ को भारी वर्षा पश्चात विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहलाई जिल्ला विपद् व्यवस्थापन कोषमार्फत रकम निकासा	रकम निकासा भइसकेको।

सि.नं.	क्रियाकलाप	कार्यान्वयन अवस्था
२	संविधानको धारा ५३ बमोजिमको प्राधिकरणको प्रगति विवरण तयार गरि गृह मन्त्रालयमा पठाइएको	सम्पन्न
३	विभिन्न कार्ययोजना, अवधारणापत्र, सम्झौताको मस्यौदा उपर राय सुझाव उपलब्ध गराइएको	सम्पन्न
४	विपद् सम्मान तथा पुरस्कार मापदण्ड, २०८३ को मस्यौदा तयार गरिएको।	अन्तिम मस्यौदा तयार भई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण कार्यकारी समितिबाट रायसहित स्वीकृत भएको, राय समावेश गरी प्रमाणीकरण हुने चरणमा रहेको।
५	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् तथा कार्यकारी समितिको निर्णय बमोजिम विभिन्न मन्त्रालयबाट बजेट व्यवस्थासहित माग भई आएका योजनाहरुका लागि आवश्यक व्यवस्था हुन अर्थ मन्त्रालयमा पठाइएको।	सम्पन्न
६	समयसमयमा गृह मन्त्रालय तथा अन्य निकायबाट माग भएका विवरणहरु उपलब्ध गराइएको।	सम्पन्न
७	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विषयहरु समेटी राष्ट्रिय पाठ्यक्रम (National Curriculum) को ढाँचा तयार गर्ने र सो को प्रबोधिकरण/स्थानीयकरण गर्ने कार्यक्रमको नाम संशोधनका लागि गृह मन्त्रालयमा पठाइएको।	सम्पन्न
८	रसुवा भोटेकोशी बाढीबाट प्रभावितका लागि एसियाली विकास बैंकद्धारा प्रदान गरिएको ५ मिलियन अमेरिकी डलरको विभिन्न मन्त्रालय तथा सुरक्षा निकायबाट आएका मागका आधारमा रकम बाँडफाँड गरी गृह मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाइएको।	
९	रसुवा भोटेकोशी बाढीबाट प्रभावित अन्यत्र बसोबासको विकल्प नभएका विस्थापित परिवारको पुनर्स्थापनाको लागि उपयुक्त स्थानमा अस्थायी बसोबासका लागि जग्गा पहिचान तथा खोजी गर्न	सम्पन्न

सि.नं.	क्रियाकलाप	कार्यान्वयन अवस्था
	गठित समितिको सदस्यको रुपमा कार्य गरी प्रतिवेदन पेश गरेको।	
१०	आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन	वार्षिक प्रतिवेदन तयार भई प्रकाशनको चरणमा रहेको।
११	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिको बैठकको प्रस्ताव तयार	सम्पन्न

विपद् प्रतिकार्य शाखा

क्र.सं.	क्रियाकलापहरु	कार्यान्वयनको अवस्था	कैफियत
१	खोज, उद्धार तथा राहत व्यवस्थापन सम्बन्धी कार्यहरु	विभिन्न मनसुनजन्य विपद्, जाजरकोट, रोल्पा, बाजुरा, रसुवा-भोटेकोशी, कालीगण्डकी, बुढीगण्डकी लगायतका क्षेत्रमा आएको विनाशकारी बाढी र पहिरोजन्य विपद्मा खोज, उद्धार तथा राहत व्यवस्थापन गरिएको।	प्रतिकार्यको समग्र समन्वय र सहजीकरण यस शाखाबाट भइरहेको।
२	विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम (VMT) संचालन तथा व्यवस्थापन	४ वटा तालिम संचालन गरी ९६ जना विपद् स्वयंसेवक तयार पारिएको।	
३	Community Action for Disaster Response (CADRE) तालिम संचालन	नेपाल प्रहरीको प्राविधिक सहयोग र प्रशिक्षणमा तीनवटै सुरक्षा निकायबाट प्रशिक्षार्थी सहभागी गराई २४ जनालाई तालिम दिइएको।	
४	मोबाइल प्रसारण प्रविधि (सेल ब्रोडकाष्टिङ्ग) मार्फत पूर्वसूचना सम्प्रेषण सम्बन्धी प्रतिवेदन र	प्रतिकार्य शाखा प्रमुखको संयोजकत्वमा कार्यदल बनी CBS सम्बन्धी प्रतिवेदन र	

	कार्यविधिको मस्यौदा तयार पारिएको।	कार्यविधि तयार गरी प्राधिकरणमा पेश गरिएको।	
५	जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रको सुदृढिकरणका लागि आवश्यक खोज, उद्धार तथा राहत सामग्री र उपकरणको विवरण र स्पेशिफिकेशन तयार पारिएको।	विवरण र स्पेशिफिकेशन तयार पारी प्राधिकरणमा पेश गरिएको।	
६	केन्द्रीय विपद् प्रतिकार्य कमाण्ड पोष्टको बैठक, मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी समन्वयतात्मक बैठकहरु संचालन तथा व्यवस्थापन गरिएको।	कमाण्ड पोष्टको बैठक ३७ भन्दा बढी पटक आयोजना भएको। Leads & Co-Leads, सुरक्षा निकाय लगायत सम्बन्धित सबै निकायहरुसँग नियमित समन्वय बैठक आयोजना तथा व्यवस्थापन गरिएको।	
७	Situation Room मार्फत २४सै घण्टा मौसमी अवस्थाको निगरानी, वस्तुस्थिति अनुसार सूचना संप्रेषण, पूर्वचेतावनी संप्रेषण, पूर्वकार्य तथा प्रतिकार्य गरिएको।	समग्र विपद् व्यवस्थापन सम्बन्धी तथ्यांक संकलन तथा विश्लेषणको कार्य समेत Situation room बाट भइरहेको।	
८	काठमाडौं उपत्यकामा वर्षाको समयमा हुने डुबान तथा ढल निकास सम्बन्धी समस्या समाधानका लागि स्थलगत रुपमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको एवं समस्या समाधान गरिएको।	थापाथली माइतिघर क्षेत्र र जमल क्षेत्रको अध्ययन गरी दुईवटा प्रतिवेदन प्राधिकरणमा पेश गरिएको र कार्यान्वयनका लागि समन्वय, सहजीकरण र पत्राचार गरिएको।	

९	विपद्बारे सचेतना अभिवृद्धि, पूर्वसूचना तथा चेतावनी संप्रेषण, श्रव्यदृश्य सामग्री निर्माण तथा प्रसारण सम्बद्ध कार्यहरु निरन्तर भइरहेका।		

सूचना तथा सञ्चार शाखा

सि.नं.	क्रियाकलाप	कार्यान्वयन अवस्था
१	रसुवा बाढीपछिको अवस्था र प्रतिकार्यका बारेमा जानकारी दिनका लागि करिब आधा दर्जन आकस्मिक पत्रकार सम्मेलन आयोजना गरिएको।	आवश्यकताअनुसार आयोजना हुने
२	रसुवा बाढीपछिपछिको खोज, उद्धार तथा राहतको प्रगति जानकारी गराउने उद्देश्यले उक्त घटना पश्चात लगभग दिनहुँजसो साँझ प्रेस ब्रिफिङ आयोजना गरिएको। केही ब्रिफिङको प्राधिकरणको फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण पनि भएको।	
